मिति: २०८२/४/४ (आइतबार)

बैठक संख्या: ६४ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : विहानः ११.०० बजे ।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६४ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | चेतनाथ अर्याल | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| | | | |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/४/४ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८२/४/४ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको सम्बन्धमा।
२. चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा
३. भुक्तानी दायित्व सम्बन्धमा ।
४. रातो किताव प्रकाशन सम्बन्धमा ।
५. आयोजना/कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।
६. तह कायम/तह बृद्धि गर्ने सम्बन्धमा ।
७. कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
८. पदपुर्ती सम्बन्धमा ।
   - रोजगार संयोजक
   - मनोसामाजिक परामर्शकर्ता
   - रिटर्नी भोलन्टेयर
९. वडामा कार्यरत सहायकहरुको पारिश्रमिक बृद्धि सम्बन्धमा ।
१०. नागरिक आरोग्य सेवाकेन्द्र सञ्चालन सम्बन्धमा ।
११. विपद् प्रतिकार्य सम्बन्धमा ।
१२. सहजी बसपार्कको पार्किङ शुल्क सम्बन्धमा ।
१३. प्रेस सल्लाहकारसंगको परामर्श सेवा सम्बन्धमा ।
१४. राजश्व ठेक्का सम्बन्धमा ।
१५. विविध
   - आर्थिक सहायता सम्बन्धमा ।
   - खाना/खाजाको दररेट सम्बन्धमा ।
   - सम्पति विवरण बुझाउने सम्बन्धमा ।
   - डेंगु नियन्त्रण सम्बन्धमा ।
   - समीक्षा बैठकमा सम्मान गर्ने सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८२/३/२० गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा छलफल गरियो । साथै हालै सम्पन्न भएको सत्रौं नगरसभा अधिवेशनको व्यवस्थापकीय पक्षको बारेमा समेत समीक्षा गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/४/४ को बैठक

**निर्णय नं.२: चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(३) बमोजिम यस बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को तेश्रो चौमासिक अवधीसम्म भएको देहाय वमोजिमको चालु, पूँजीगत तथा समग्र खर्चको प्रगति विवरण यस बैठकमा पेश हुनुको साथै चौमासिक खर्च प्रगतिलाई अनुमोदन गर्ने निर्णय गरियो । (विस्तृत विवरण अनुसूचीमा संलग्न)

**देहायः**

१. प्रस्तावित आय बजेटः रु. ७६ करोड ०५ लाख ५३ हजार २२३

२. यथार्थ आय बजेटः रु.६७ करोड ५६ लाख ७७ हजार ८९२ (८८.८४%)

३. कुल विनियोजित रु. : ७६ करोड ०५ लाख ५३ हजार २२३

३.१ चालु तर्फ विनियोजित रु. ५२ करोड १२ लाख ९४ हजार

३.२ पूँजीगततर्फ विनियोजित रु. २३ करोड ९२ लाख ५९ हजार २२३

४. कुल खर्च रु. : ६३ करोड २० लाख १४ हजार ६९४ (८३.०९%)

४.१ चालु खर्च रु. : ४३ करोड ०६ लाख ४२ हजार ८७३ (८२.६१%)

४.२ पूँजीगत खर्च रु. : २० करोड १३ लाख ७१ हजार ८२१ (८४.१६%)

**निर्णय नं.३ : भुक्तानी दायित्व सम्बन्धमा ।**

संघीय समपुरकतर्फको आयोजना अन्तर्गत आ.व. २०७९/८० देखि कार्यान्वयनमा रहेको धुरपुरे-दिहीथोक-विम्दा-बाखेजगत बहुवर्षे (३ वर्षे) सडक आयोजनाको आर्थिक वर्ष २०८१/८२ अन्तिम वर्ष भएको र उक्त सडक आयोजनाको ठेक्का सम्झौता रकम रु. ९ करोड १७ लाख ६६ हजार ५६६ मध्ये ५०/५० प्रतिशत लागत साझेदारीको प्रावधान वमोजिम संघीय सरकारको तर्फबाट व्यहोर्नुपर्ने रकम रु. रु.४ करोड ५८ लाख ८३ हजार २८१ मध्ये संघीय सरकारबाट आ.व. २०७९/८० मा ८० लाख, आ.व. २०८०/८१ मा १ करोड २५ लाख र आ.व. २०८१/८२ मा १ करोड ५० लाख गरी कुल ३ करोड ५५ लाख मात्र प्राप्त भएको र उक्त आयोजनाको लागि नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने दायित्व मध्येको रकम भुक्तानी भैसकेको तर संघीय सरकारको दायित्व तर्फबाट व्यहोर्नुपर्ने बाँकी रकम रु. १ करोड ३ लाख ८३ हजार २२१ तेश्रो आर्थिक वर्षको अन्तसम्म पनि प्राप्त हुन नसकेको परिस्थितिमा आ.व.२०८१/८२ को अन्तमा कामको मूल्याङ्कनबाट संघीय सरकारले व्यहोर्नु पर्ने रु.७४ लाख ०३ हजार देखिएको र सो रकम सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी दिन बाँकी रहेको हुँदा उक्त रकम निकासको लागि नेपाल सरकार राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ : रातो किताव प्रकाशन सम्बन्धमा ।**

२०८२ असार ९ गते शुरु भई असार २२ गते सम्पन्न भएको सत्रौं नगरसभा अधिवेशनबाट पारित आर्थिक वर्ष २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट एवं आर्थिक र विनियोजन विधेयक, नगरसभाका निर्णयहरु लगायतका विवरणहरु समेटी तयार गरिने बार्षिक नगर विकास योजना आर्थिक वर्ष २०८२/८३ (रातो किताव) वार्षिक प्रगति समीक्षा गोष्ठी अगावै प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ : आयोजना/कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको सन्दर्भमा विस्तृत शाखागत कार्यान्वयन कार्यतालिका पछि तयार गर्ने गरी हाललाई देहाय वमोजिमको संक्षिप्त कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/४/४ को बैठक

देहाय:

| क्र.सं | विवरण | समय सीमा | कैफियत |
|---|---|---|---|
| १. | आ.व. २०८१/८२ को वार्षिक समीक्षा गोष्ठी | २०८२ साउन २९ र ३० | |
| २. | खरिद योजना तयार | २०८२ भदौ मसान्त | |
| ३. | कर्मचारीहरुको कार्यविवरण तयार | २०८२ साउन मसान्त | |
| ४. | कार्यसम्पादन संझौता कार्य | २०८२ साउन मसान्त | |
| ५. | शाखागत/क्षेत्रगत कार्ययोजना निर्माण | २०८२ साउन मसान्त | |
| ६. | लिनुपर्ने परामर्श सेवाको पहिचान | २०८२ भदौ मसान्त | |
| ७. | उपभोक्ता समिति गठन | २०८२ असोज मसान्त | |
| ८. | आयोजनाहरुको लागत इष्टिमेट तयार | २०८२ भदौ मसान्त | |
| ९. | ठेक्का बन्दोबस्तीतर्फका आयोजनाहरुको सूचना प्रकाशन | २०८२ असोज १५ | |
| १०. | आयोजना संझौताको अन्तिम समय सीमा | २०८२ मंसिर मसान्त | |
| ११. | संझौता भएका आयोजनाको कार्य सम्पन्न | २०८३ बैशाख मसान्त | |

**निर्णय नं.६ : तह कायम/तह बृद्धि गर्ने सम्बन्धमा ।**

**(क) तह बृद्धि सम्बन्धमा ।**

तह बृद्धिको लागि निवेदन पेश गरेका कर्मचारीहरुको गण्डकी प्रदेश सरकारद्धारा जारी गरिएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ को दफा २७ बमोजिमको मापदण्डका आधारमा मूल्याङ्कन गरी तह कायम/तह बृद्धि निर्धारण मूल्याङ्कन समितिले सिफारिस गरेको देहाय बमोजिमका उम्मेदवारहरुलाई देहाय अनुसार तहबृद्धि निर्णय गरियो ।

देहायः

| क्र.सं. | कर्मचारीको नामथर | सेवा समुह | हालको तह | बृद्धि हुने तह | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रकाश पौडेल | स्थानीय इन्जिनियरिङ | सहायक पाँचौ | अधिकृत छैटौं | |
| २. | सजुमा घिमिरे | स्थानीय इन्जिनियरिङ | सहायक पाँचौ | अधिकृत छैटौं | |
| ३. | सृजना पाण्डे चिलुवाल | स्थानीय प्रशासन/शिक्षा प्रशासन | सहायक पाँचौ | अधिकृत छैटौं | |
| ४. | भरिमाया गुरुङ | स्थानीय स्वास्थ्य सेवा | सहायक पाँचौ | अधिकृत छैटौं | |

**(ख) तह कायम सम्बन्धमा ।**

कर्मचारी समायोजन अध्यादेश २०७५ को दफा ६ को उपदफा ४ वमोजिम यस नगरपालिकामा प्रशासन सेवा, सामान्य प्रशासन समुह, कार्यालय सहायक (सहायकस्तर चौथो) पदमा समायोजन भई तह कायमको लागि निवेदन पेश गरेका कर्मचारीहरुको गण्डकी प्रदेश सरकारद्धारा जारी गरिएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९ को उपदफा ५ मा उल्लेख भएको "कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम सहायकस्तर चौथो तहमा समायोजन भई आएका कर्मचारीहरुको सेवा अवधी ५ वर्ष पुरा भएपछि एक पटकका लागि सहायक पाचौं तहको पदमा अख्तियारवालाले कायम गरिदिनेछ र सो दरबन्दी स्वतः कायम हुनेछ" भन्ने व्यवस्था भएको हुँदा सोही व्यवस्थाका आधारमा तह कायम/तह बृद्धि निर्धारण मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई सिफारिस भएका देहाय वमोजिमका कर्मचारीहरुको देहाय अनुसारको तह कायम गर्ने निर्णय गरियो ।

देहायः

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/४/४ को बैठक

| क.सं. | कर्मचारीको नाम थर | सेवा समुह | हालको तह | कायम हुने तह | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| १. | राम प्रसाद अधिकारी | प्रशासन | सहायक चौथो | सहायक पाँचौ | |
| २. | रामकृष्ण कुँवर | प्रशासन | सहायक चौथो | सहायक पाँचौ | |

निर्णय नं.७ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

(क) यस कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद मिति २०८२ असार मसान्तमा समाप्त भएको सम्बन्धमा छलफल हुँदा सशर्त अनुदानतर्फ करारमा कार्यरत कृषि स्नातक एक, क्षयरोग संयोजक एक, प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका प्राविधिक सहायक एक र रोजगार सहायक एकको आ.व. २०८२/८३ मा पारिश्रमिकका लागि बजेट उपलब्ध हुन नसकेको तथा सशर्ततर्फ २०८०/८१ सम्म लागत साझेदारीमा पञ्जिकरणतर्फ कार्यरत २ जना एम.आइ.एस.अपरेटर मध्ये पञ्जिकरण विभागको निर्देशानुसार लागत साझेदारी अन्तर्गत २०८१/८२ देखि १ जना एम.आइ.एस.अपरेटरको मात्र पारिश्रमिक प्राप्त भएकोमा २०८१/८२ मा लागत साझेदारीको अतिरिक्त स्थानीय तहको आफ्नै श्रोतबाट साविकमा एम.आइ.एस अपरेटरमा कार्यरत कर्मचारीलाई कामकाज लगाइएकोमा स्थानीय तहको आफ्नै श्रोतबाट कार्यरत एम.आइ.एस. अपरेटरको सेवालाई २०८२/८३ देखि निरन्तरता दिईरहन पर्ने आवश्यकता नदेखिएको हुँदा उल्लेखित कर्मचारीहरुको करार सेवालाई निरन्तरता दिन नसकिएकोले निजहरुलाई हालसम्म गर्दै आउनु भएको कार्यप्रति धन्यवाद दिंदै र सो बाहेकका अनुसूचीमा उल्लेख भए वमोजिमका करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०८२ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो । साथै म्याद थप नभएका कर्मचारीहरु जिम्मा रहेको नगदी, जिन्सी सरसामान, कागजात अभिलेख कार्यालयमा बुझाउन लगाउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

(ख)जिल्ला समन्वय समिति लमजुङबाट बेसीशहर नगरपालिकामा खटिई २०७५ बैशाख देखि यस नगरपालिकामा हाजिर भई निरन्तर कामकाज गर्दै आउनु भएका कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेलको अस्थायी नियुक्तिको म्याद २०८२ असार मसान्तमा समाप्त भएको हुँदा साविकमा नीजले खाईपाई आएको तलबभत्तामा प्रतिकुल नहुने गरी सो अस्थायी नियुक्तिको म्याद म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०८२ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं.८ : पदपुर्ती सम्बन्धमा ।

यस नगरपालिकामा देहायका पदहरु रिक्त हुन आएको हुँदा नियमानुसार सम्बद्ध कानून एवम् कार्यविधि वमोजिम पदपूर्ती समिति गठन गरी पदपूर्ती गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१.रोजगार संयोजक- १ जना

२.मनोसामाजिक परामर्शकर्ता- १ जना

३. रिटर्नी भोलेन्टेयर- २ जना

निर्णय नं.९ : वडामा कार्यरत सहायकहरुको पारिश्रमिक बृद्धि सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत वडा कार्यालयहरुमा कार्यरत सहायक कम्प्युटर अपरेटर/कार्यालय सहायक/सामाजिक परिचालक (गरीवसंग विश्वेश्वरतर्फ) गरी जम्मा ९ जना कर्मचारीहरुको पारिश्रमिक मासिक रु. २५ हजार तोकिएकोमा प्रत्यक्ष जनताको सेवा प्रवाहमा दैनिक नित्य रुपमा खटिई प्रभावकारिताका साथ कार्यसम्पादन गर्नुभएको हुँदा निजहरुको पारिश्रमिकमा २०८२ साउनबाट लागु हुने गरी मासिक रु.५ हजारका दरले बृद्धि गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/४/४ को बैठक

**निर्णय नं.१० : नागरिक आरोग्य सेवाकेन्द्र सञ्चालन सम्बन्धमा**

(क) प्रदेश स्वास्थ्य मन्त्रालय प्रदेश आयुर्वेद चिकित्सालय बेसीशहर लमजुङको च.नं १४८ मिति २०८२/३/८ को प्राप्त पत्रानुसार बेसीशहर नगरपालिका-२ भकुण्डेमा विगत ५ वर्षदेखि संघीय सशर्त अनुदानबाट बजेट प्राप्त भई प्रदेश आयुर्वेद चिकित्सालय बेसीशहर लमजुङबाट सञ्चालन हुँदै आएको नागरिक आरोग्य सेवाकेन्द्र निरन्तरताको लागि यस आर्थिक वर्ष २०८२/८३ मा बजेट प्राप्त नभएको भन्ने सम्बन्धमा छलफल हुँदा वार्षिक सयौं सेवाग्राहीहरुले सेवा लिईरहेको संस्था बन्द नगरी यथावतरुपमा सञ्चालन हुने व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन हुन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

(ख) उक्त नागरिक आरोग्य सेवाकेन्द्र सञ्चालनको लागि यदि संघीय र प्रदेश सरकारबाट बजेट प्राप्त हुन नसकेमा नगरपालिकाले आवश्यक बजेट विनियोजन गरी सेवाकेन्द्र सञ्चालनलाई आ.व. २०८२ /८३ को लागि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.११ : विपद् प्रतिकार्य सम्बन्धमा ।**

यतिबेला वर्षातको समय भएको र जुनसुकै समयमा पनि मनसुनजन्य विपद्को घटना घट्न सक्ने भएकोले विपद् प्रतिकार्य योजना वमोजिम नगरपालिकामा स्थापना गरिएको आपतकालीन कार्य सञ्चालन केन्द्रमा रहेका/ रहनुपर्ने विपद्जन्य सामाग्रीहरुलाई आवश्कयतानुसार खरिद गर्नुपर्ने भए खरिद समेत गरी तयारी अवस्थामा राख्ने, विपद् उद्दारमा नगर प्रहरी तयारी हालतमा रहने र सबै जनप्रतिनिधिहरुले समेत जनतालाई आवश्यक सतर्कता/सजगता अपनाई सुरक्षित रहने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१२ : सहजी बसपार्कको पार्किङ शुल्क सम्बन्धमा ।**

बेसीशहर नगरपालिका-७ स्थित सहजी बसपार्कमा पार्किङशुल्क उठाउनको लागि तेश्रो पटक सूचना प्रकाशन भएको र तेश्रो पटक समेत प्रस्ताव पर्न नआएमा वार्ताको माध्यमबाट बढी रकम तिर्न इच्छुक कुनै व्यक्ति वा समितिसंग संझौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१३ : प्रेस सल्लाहकारसंगको परामर्श सेवा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाका प्रेस सल्लाहकार कृष्ण केसी संगको परामर्श सेवा सम्बन्धमा विगत सम्झौतामा तोकिएको कार्यशर्त अनुसार निजले सम्पादन गर्नुपर्ने कार्यमा प्रभावकारिता ल्याउने शर्तमा साविक वमोजिमकै सेवा सुविधा पाउने गरी आ.व.२०८२/८३ मा हाललाई ६ महिनाको लागि निजसंग परामर्श सेवा खरिद सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ : राजश्व ठेक्का सम्बन्धमा ।**

नगरपालिका क्षेत्रभित्र बग्ने नदीखोलाबाट निस्कने ढुंगा,गिटी बालुवा, ग्राभेल आदिको आर्थिक वर्ष २०८२/८३ मा बिक्री कर संकलनका लागि न्युनतम रकम अंक तोकी EGP प्रक्रिया वमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी गराई म्यादभित्र प्रस्ताव प्राप्त हुन नआएमा दोश्रो पटक EGP र हार्डकपीको १५ दिने सूचना प्रकाशन गरी प्रक्रियालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.१५ : आर्थिक सहायता सम्बन्धमा ।**

यस कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत श्री बेलकुमारी थापा क्यान्सर रोग लागी उपचारको क्रममा रहेको र उपचार सहयोगको लागि निजको निवेदन पेश हुन आएको उपर छलफल हुँदा निजलाई उपचार सहयोग वावत रु. ५० हजार उपलब्ध गराउने साथै निजको पूर्ण स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/४/४ को बैठक

**निर्णय नं.१६ : खाना/खाजाको दररेट सम्बन्धमा ।**

यस कार्यालयले आर्थिक वर्ष २०८२/८३ भित्र गर्ने बैठक/ भेला/गोष्ठी तथा विभिन्न कार्यक्रमहरुमा आवश्यक पर्ने खाजा/खाना/पानी लगायतका वस्तुहरुको सम्बन्धमा आ.व.२०८१/८२ मा कायम भएको दररेटमा उपलब्ध गराउने व्यववस्थाको लागि इच्छुक ब्यवसायीहरुसंग वार्ता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७ : सम्पति विवरण बुझाउने सम्बन्धमा ।**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) वमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले हरेक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पतिको श्रोत सहितको अद्यावधिक विवरण सम्वन्धित निकाय समक्ष बुझाउनु पर्ने व्यवस्था भए वमोजिम नगरपालिकास्थित सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुले आ.व. २०८१/८२ को सम्पति विवरण २०८२ भदौ १० गते भित्र कार्यालयमा पेश गरिसक्नको लागि सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ : डेंगु नियन्त्रण सम्बन्धमा ।**

डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने डेंगु ज्वरो सम्बन्धी रोकथाम र नियन्त्रणको विषयमा स्वास्थ्य संस्थाहरुको सहजीकरणमा वडास्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १९ : समीक्षा बैठकमा सम्मान गर्ने सम्बन्धमा ।**

आ.व.२०८१/८२ मा उत्कृष्ठ कार्य गर्ने दुई वटा उपभोक्ता समिति र एक निर्माण व्यवसायीलाई मिति २०८२ साउन २९ र ३० गतेका दिन सञ्चालन गरिने वार्षिक समिक्षा गोष्ठीको अवसरमा सम्मान गर्ने साथै सूचकहरु निर्धारण र मापन गरी सम्मान गर्ने उपभोक्ता समिति र निर्माण व्यवसायी छनौट कार्यको लागि देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**देहायः**

संयोजक- श्री पद्मा गुरुङ, नगर उप्रमुख

सदस्य- श्री चेतनाथ अर्याल, प्रमुख प्रशासकीय अधिकृत

सदस्य- श्री हिरालाल विश्वकर्मा, कार्यपालिका सदस्य/प्रवक्ता

सदस्य- श्री विशाल ढकाल, पूर्वाधार शाखा प्रमुख

सदस्य सचिव- श्री शम्भुप्रसाद घिमिरे, योजना शाखा प्रमुख

गुमान सिंह अर्याल
नगर प्रमुख